नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

(प्रकाशित मितिः २०८२।१२।१०)

**विश्वविद्यालयसँगको सहकार्यमा युवा लक्षित नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रम सम्बन्धी सूचना**

यस केन्द्रको चालु आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **विश्वविद्यालयसँगको सहकार्यमा युवा लक्षित नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गरिने भएको हुनाले नवप्रवर्तन र उद्यमशीलता विकासको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न इच्छुक विश्वविद्यालयबाट १५ (पन्ध्र) दिनभित्र देहायका विवरण सहितको कार्यक्रम प्रस्ताव यस केन्द्रको इमेल ठेगाना info@mcsipc.gov.np पेश गर्न अनुरोध छ ।

१. संञ्चालन गरिने युवा लक्षित नवप्रवर्तन र उद्यमशीलता विकासका संभाव्य कार्यक्रमहरु र यसको औचित्य
२. नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रमका लागि न्यूनतम ७ (सात) कार्यदिनको पाठ्यक्रम
३. संभाव्य सहभागीको संख्या र योग्यता
४. उपलब्ध हुनसक्ने विज्ञ/स्रोतव्यक्ति र कार्यक्रम सञ्चालन गर्ने स्थान
५. कार्यक्रम सञ्चालन गर्न लाग्ने लागत अनुमान । लागत अनुमान तयार गर्दा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेगरी गर्नुपर्नेछ ।
६. अपेक्षित उपलब्धी

द्रष्टव्य:

- कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम हुनेछ ।
- एक कार्यक्रममा कम्तिमा २० सहभागी हुनुपर्नेछ ।
- चालु आ. ब. मा १० वटा कार्यक्रम सञ्चालन गरिनेछ । एक कार्यक्रमका लागि बजेट रु ९,५०,००० रहेको छ । बजेट खर्च प्रचलित खरिद सम्बन्धी ऐन, नियमावली, निर्देशिका र मापदण्ड बमोजिम हुनेछ ।

**विश्वविद्यालयसँगको सहकार्यमा युवा लक्षित नवप्रवर्तन र उद्यमशीलता विकास** कार्यक्रम सम्बन्धी प्रस्तावको **ढाँचा देहाय बमोजिम रहेको छ :**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन ...
त्रिपुरेश्वर, काठमाडौं

## प्रस्तावको ढाँचा

१. पृष्ठभूमि (Background)
२. औचित्य (Rationale/Justification)
३. कार्यक्रमको उद्देश्यहरू (Objectives)
४. कार्यक्रम सम्बन्धी पाठ्यक्रम (Syllabus)
५. बजेटको अनुमानित विवरण (Estimated Budget)
६. कार्यान्वयन मोडालिटी (Implementation Modality)
७. लक्षित समूह (Target Group)
८. स्रोत व्यक्ति/विज्ञ उपलब्धता (Resource Person/Expert)
९. कार्यक्रमका मुख्य क्रियाकलापहरू (Key Activities)
१०. कार्यक्रम सञ्चालनको अनुमानित समय (Time Frame)
११. अपेक्षित उपलब्धि (Expected Outcomes)